# चन्द्रागिरि नगरपालिका


चन्द्रागिरि नगरपालिका


## स्थानीय राजपत्र

खण्ड : ८  संख्या : ८  मिति : श्रावण २७, २०८२


### भाग-२

### चन्द्रागिरि नगरपालिका

सम्बत् २०८२ सालको कार्यविधि नं. ४

## चन्द्रागिरि नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८०
## (पहिलो संशोधन, २०८२)

**प्रस्तावना :**

चन्द्रागिरि नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

चन्द्रागिरि नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी चन्द्रागिरि नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम चन्द्रागिरि नगरपालिकाको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका व्यवस्थापन कार्यविधि, २०८० (पहिलो संशोधन, २०८२) रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कार्यविधिको अनुसूची - ३ मा संशोधन** : (१) मूल कार्यविधिको अनुसूची - ३ को देहाय खण्ड (५) मा **"रु. ३,०००।- (तीनहजार)"** भन्ने वाक्यांशको सट्टामा **"रु. ३,५००।- (तीनहज़ार पाँच सय)"** कायम हुने गरी देहाय बमोजिमको संशोधित खण्ड (५) कायम गरिएको छ :

(५) मासिक प्रोत्साहन वापत प्रति महिना रु ३,५००।- (तीनहजार पाँच सय) ।

प्रमाणीकरण : २०८२/०४/२७ गते

मूल्य रू. ५/-

आज्ञाले

सुरेन्द्र थापा मगर

प्रमुख प्रशासकीय अधिकृत